# स्थानीय राजपत्र

चौकुने गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या : १२ चौकुने, सुर्खेत २०८० साल ज्येष्ठ १ गते

## भाग – २

चौकुने गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

गुट्टु, सुर्खेत

चौकुने युवा तथा खेलकुद विकास कार्यविधि २०८०

**प्रस्तावना :** चौकुने गाउँपालिका क्षेत्र भित्र रहेका यूवाहरुको खेल क्षेत्रका विभिन्न विधामा क्षमता विकास गरी यूवाहरुलाई खेलकुदको माध्यमबाट उद्यमी, स्वरोजगारी बनाई खेलकुद विकास विस्तारमा सहभागी गराउन तथा अनुशासन, विकास र गतिशिलताको पर्यायको रुपमा रहेको खेलकुद क्षेत्रलाई स्वस्थ्य, मर्यादित र प्रतिस्पर्धात्मक तवरबाट सञ्चालन गरी हार जीतलाई सहज रुपमा लिने परीपाटीको विकास गरी, आपसी विश्वास, सहकार्य, समन्वय र एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्दै राष्ट्रिय अन्तराष्ट्रिय रुपमा देशको पहिचान गराउन, गर्न वाञ्छनीय भएकोले चौकुने गाउँ कार्यपालिकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा (१) राष्टिय खेलकुद विकास ऐन २०७७ को दफा २४ को उपदफा ४ र चौकुने गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७४ को दफा ५९ को उपदफा १ को अधिनमा रही यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१ प्रारम्भिक

**१.** संक्षिप्त नाम विस्तार प्रारम्भ : १ यस कार्यविधिको नाम चौकुने युवा तथा खेलकुद विकास कार्यविधि २०८० रहनेछ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

३. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**क. "खेलकुद"** भन्नाले चौकुने गाउँपालिका भित्र शारिरिक, मानसिक तथा सामाजिक तवरले स्वस्थ बनाउनको लागी आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ।

**ख. "खेलाडी"** भन्नाले विभिन्न विधाका स्थानीय जिल्ला प्रदेश राष्ट्रिय अन्तराष्ट्रिय खेलाडीलाई सम्झनु पर्नेछ।

**ग. "खेलकुद समिति"** भन्नाले यो कार्यविधि बमोजिम गठित चौकुने गाउँपालिकाको खेलकुद विकास समितिलाई सम्झनु पर्दछ।

**घ. "प्रोत्साहन"** भन्नाले खेलाडीलाई दिईने नगद, जिन्सी तथा अन्य उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ।

**ङ. "यूवा"** भन्नाले १८ वर्ष देखि ४० वर्ष उमेर समुहका युवालाई सम्झनु पर्दछ।

**च. "गाउँपालिका"** भन्नाले चौकुने गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई बुझ्नु पर्नेछ।

### परिच्छेद-२ चौकुने गाउँपालिकाखेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

**४. चौकुने गाउँपालिका खेलकुद विकास समितिको गठन** :(१) देहाय बमोजिम चौकुने गाउँपालिका खेलकुद विकास समितिको गठन ११ सदस्य हुनेछ:

क) अध्यक्ष - सामाजिक विकास समिति संयोजक

ख) उपाध्यक्ष - खेलकुद क्षेत्रको विज्ञहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति १ जना

ग) सदस्य - ईलाका प्रहरी कार्यालयका प्रतिनिधि १ जना

घ) सदस्य - खेलकुदका विभिन्न विधाबाट ५ जना

ङ) सदस्य - सामुदायिक विद्यालयका प्र अ मध्येबाट खेलसंग सम्बन्धित प्रतिनिधि २ जना

च) सदस्य - शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

छ) सदस्य सचिव - समितिले तोकेको व्याक्ति

(२) समितिको ११ सदस्य मध्ये मनोनित सदस्यहरुमा ३३ प्रतिशत अनिवार्य रुपमा महिला सहभागीता रहनेछ।

(३) खेलकुदका विधाहरुबाट चयन हुने समितिका सदस्यहरु सम्बन्धित निकाय, क्लब वा संस्थाबाट सिफारिस गरिएको हुनु पर्दछ ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार अन्य विज्ञ तथा व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ।

**५. खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार :**

(१) खेलकुद समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) गाउँपालिकाले तोकेको बजेटको सीमा भित्र रही खेलकुद सञ्चालन गर्ने,

ख) बिभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने,

ग) अन्य गाउँपालिका वा नगरपालिकाले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा चौकुने गाउँपालिका क्षेत्र भित्रका खेलाडी टीम वा क्लबलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

घ) निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने,

ङ) चौकुने गाउँपालिका भित्र बिभिन्न विधाका खेलाडीहरुको पहिचान र प्रोत्साहन सम्बन्धी योजना बनाई लागू गर्ने,

च) खेलकुदको विकासका लागि संघीय सरकार, प्रदेश सरकार र अन्तर स्थानिय सरकारसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने,

छ) गाउँपालिकाको प्ररामर्शमा खेलकुदको वार्षिक योजना बनाई पेश गर्ने,

ज) चौकुने गाउँपालिकालाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने,

झ) खेलकुद विकासका लागि योजना बनाई गाउँपालिकाको स्वीकृतिमा खेलकुद कार्यक्रम सञ्चालन गर्ने,

ञ) गाउँपालिकाले तोकेका अन्य कार्य गर्ने,

ट) ७ देखी ९ जना सदस्य रहने गरी वडा स्तरीय खेलकुद समिति गठन गर्न सक्ने,

ठ) खेलकुदका कार्यक्रमहरुमा दोहोरोपना आउन नदिनको लागी कार्य गर्ने,

ड) गाउँ क्षेत्र भित्रको राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरुलाई प्रोत्साहन गर्ने,

ढ) खेलमैदान तथा खेलक्षेत्र संरक्षण तथा निर्माण सम्बन्धी कार्ययोजना बनाई पेश गर्ने,

ण) खेलकुद व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने ।

(२) खेलकुद समितिले आफ्नै छुट्टै कोषको व्यवस्था गरी संचालन गर्न पाउने छ। कोष संचालन गर्दा अध्यक्ष र सदस्य सचिबको संयुक्त दस्तखतमा कोष संचालन गर्नु पर्ने छ ।

**६. खेलकुद विकास समितिका सदस्यहरुलाई हटाउन सकिने :** खेलकुद समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएमा यस समितिको सिफारिसमा कार्यपालिकाले त्यस्तो सदस्यलाई कुनैपनि बेला हटाउन सक्नेछ । हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको मौका दिइनेछ।

**७. खेलकुद विकास समितिको कार्यकाल** : खेलकुद समितिको कार्यकाल ३ वर्षको हुनेछ । कार्यपालिकाले उचित ठानेमा अर्को एक कार्यकाल थप गर्न सक्नेछ । तर दफा ४ (१) बमोजिमको समितिमा रहने जनप्रतिनिधिहरुको पदावधि समाप्त भएमा समितिमा पनि स्वतः पदावधि समाप्त हुनेछ ।

**८. प्रतिवेदन पेश गर्ने :**

क) सम्पन्न भई सकेका खेलकुद, हुन बाँकी खेलकुद तथा खेलकुद सम्बन्धी योजनाहरुको प्रतिवेदन शअनिवार्य शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत कार्यपालिमा पेश गर्नु पर्नेछ ।

ख) प्रतिवेदनमा आएका विषयहरुलाई गाउँपालिकाले बुलेटिन मार्फत वा गाउँपालिकाको वेवसाइड मार्फत सार्वजनिक गर्नेछ।

**९. खेलकुदको संरक्षण, सम्बर्धन र प्रवर्द्धन :**

क) समग्र विधाको खेलकुदको संरक्षण, सम्बर्धन, प्रवर्द्धन र विकास गर्ने दायित्व गाउँपालिकाको हुनेछ।

ख) खेलकुदसम्बन्धी सम्पूर्ण काम र गतिबिधि गरिने कार्य यसै कार्यविधि बमोजिम गठित समितिले गर्नेछ । सो कार्यका लागि गाउँपालिकाले आवश्यक बजेट व्यवस्थापन गर्नेछ।

**१०. खेलकुद विकास संरक्षण समिति :**

क) खेलकुदको संरक्षण, सम्बर्धन र प्रवर्द्धन गर्ने मुख्य जिम्मेवारी निम्न पदाधिकारीको हुनेछ।

| | |
|---|---|
| संरक्षक - | गाउँपालिकाका अध्यक्ष १ जना |
| सदस्य- | गाउँपालिका उपाध्यक्ष |
| सदस्य- | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य - | विषयगत समितिको संयोजक १ जना |
| सदस्य - | गाउँसभा सदस्यहरु मध्ये १ जना महिला २ जना |
| सदस्य - | ईलाका प्रहरी कार्यालय प्रमुख १ जना |
| सदस्य - | गाउँ कार्यपालिकाले तोकेको प्रतिष्ठित खेलकुद क्षेत्रबाट २ जना |

ख) खेलकुद विकास संरक्षण समितिले खेलकुद विकास समितिलाई निर्देशन दिन सक्नेछ  निर्देशनलाई पालना गर्नु खेलकुद विकास समितिको कर्तव्य हुनेछ।

## परिच्छेद- ३  आचारसंहिता

**११. आचारसंहिता: खेल सम्बन्धी विषयका खेलाडी समिति अध्यक्ष तथा सदस्य कर्मचारी गाउँ कार्यपालिका र सभाका सदस्यहरुले देहाय कमोजिमका आचारसंहिता पालना गर्नु पर्ने छ :-**

क. खेलका निर्णायिक खेलाडी दर्शक आयोजक कसैले पनि खेल संचालनको समयमा कुनै पनि प्रतिबन्धित लागुपदार्थ र मादक पदार्थ सेवन गर्न पाइने छैन ।

ख. खेलाडी टिमले बिदेशी खेलाडी प्रयोग गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइने छैन ।

ग. प्रतिस्प्रधात्मक खेल संचालन गर्दा दर्तावला टिमलाई मात्र मान्यता दिइने छ । तर खेल प्रशिक्षणका समयमा दर्ता नभएको टिमलाई पनि समाबेश गराउन सकिने छ ।

घ. नैतिक पतन हुने फौजदारी अभियोगमा दोषी ठहरिएका खेलको टिममा समाबेश गरिने छैन ।

ङ खेलको बिजय पश्चात पाउने शिल्ड ट्रफि कहीं कतै बेच्न धरौटी राख्न वा उपहार दिन पाइने छैन ।तर कुनै दर्तावाला क्लब बिघटन हुन गइ उक्त क्लबले प्राप्त गरेके शिल्ड ट्रफि गाउँपालिकाको स्वीकृतीमा अर्को दर्तावाला क्लबलाई उपहार दिन भने बाधाँ पर्ने छैन ।

च. कुनै खेलमा व्यात्तीलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यात्तिको घरमा राख्न पाइने छैन । तर संरक्षण गर्न बाधाँ पर्ने छैन ।

छ. खेलाडी निर्णायिक राख्दा आधिकारिक व्यात्ति बाहेक अरुलाई राख्न पाइने छैन ।

ज. खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्षा लिइ हुटिगं तालि बजाउन अनुहार मेकअफ गर्न र चित्र प्रदशन गर्न पाउनेछन । तर बिपक्ष टिमका खेलाडी वा व्यात्तीलाई इकित गरी काटुन चित्रकारीता हुटिगं व्यात्तिगत र संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइन छैन ।

झ.  खेलको प्रतिस्पर्धा गराउनका लागि चैकुने खेलकुद विकास समिति वा गाउँपालिकाको पूर्व स्वीकृती लिनु पर्ने छ ।गाउँपालिकाको स्वीकृती बिना खेल संचालन गर्नका लागि टिमको नाममा जबर्जस्ती चन्दा उठाउन पाइने छैन ।

ञ. गाउँपालिकाको स्वीकृति र इजाजत लिएर उठाउको चन्दा संस्थाको आम्दानी खातामा आय जनाएर सम्बन्धित क्लबबाट पारित गराएर मात्र खर्च गर्न पाइने छ ।

ट. यस अघि अन्यत्र कतै दर्ता भएका वा गाउँपालिकामा सुचिकृत भएका संस्था वा क्लबले यस कार्यविधिको परिधिमा रहेर गाउँपालिकामा दर्ता गर्नु पर्ने छ ।गाउँपालिकामा दर्ता भएर मात्र स्वतन्त्र

ढगंले खेलकुदका कार्यक्रम संचालन गर्न पाउने छ ।

१२. दर्तावाला संस्थाले कसैको सौजन्यमा खेल कुने खेल संचालन गर्न गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्ने छ । गाउँपालिकाले स्वीकृती नदिएको खण्डमा भने दर्तावाला संस्थाले सौजन्यबाट प्राप्त भएको नगद वा जिन्सीलाई सार्वजनिक गरी खेल संचालन गर्न बाधाँ पर्ने छैन ।

## परिच्छेद-४
## दर्ता, नवीकरण र विघटन

**१३. दर्ता र स्वीकृती:**

क) कार्यपालिका भित्र गठित कुनै पनि संघ संस्था वा क्लव वा खेलकुदसँग सम्बन्धित संस्था गाउँपालिकामा दर्ता गर्नु पर्नेछ । खेलकुदसँग सम्बन्धि दर्ता नभएका संस्था वा क्लवलाई खेल संचालन गर्न गाउँपालिकाले स्वीकृति दिने छैन ।

ख) संस्था दर्ता र विधान स्वीकृतीको लागि अनुसूचि-१ को ढाँचामा निवेदन दिईनु पर्नेछ।

ग) संस्था दर्ता र विधान स्वीकृतिको लागि निबेदन पर्न आएमा गाउँपालिकाले विधान स्वीकृत गरी संस्था दर्ता गरी अनुसूचि २ को ढाँचामा प्रमाण पत्र दिनु पर्नेछ । सोहि प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नपर्नेछ ।

घ) पहिले नै दर्ता भइसकेको संस्था भए गाउँपालिकामा सुचिकृतको लागि अनुसूची-३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ ।

ङ) सुचिकृत भएका संस्थाहरुलाई अनुसुची-४ बमोजिम प्रमाणपत्र दिईनेछ । सोही प्रमाणपत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गनुपर्नेछ ।

च) दर्ता वा सुचिकृत भएका संस्थाको नविकरण गर्न दिईने निवेदन अनुसुचि-५ बमोजिमको ढाँचामा हुनुपर्ने ।

छ) गाउँपालिकामा दर्ता वा सुचिकृत गर्दा आवेदन फारम शूल्क स्वीकृत चौकुने गाउँपालिकाआर्थिक ऐन बमोजिम हुनेछ।

ज) प्रत्येक वर्षको असार मसान्त भित्र सबै दर्तावाल वा सूचिकृत संस्थाहरुले गाउँपालिकामा अनिवार्य नविकरण गराउनु पर्नेछ ।

**१४. जरिवाना** :

दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा गाउँपालिकाको स्वीकृत आर्थिक ऐन बमोजिम जरिवाना गरिनेछ।

१५. तीन वर्ष भन्दा बढी समयसम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटिसकेको संस्थामा संलग्न कार्यकारी समितिका व्यक्तिको अर्को संस्था दर्ता गरिनेछैन ।

१६. समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ ।

**१७. संस्थाको विघटन :**१) दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन्:

क. संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

ख. लगातार ३ वर्ष सम्म संस्था नवीकरण नगरेमा, ग. संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

घ. प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत विक्षत भएमा।

**१८. विघठित संस्थाको सम्पत्ति** : विघटन भएको संस्थाको सम्पत्ति गाउँपालिका मातहतमा रहनेछ।

**१९. खारेजी र बचाऊ** : यस अघि प्रचलित खेलकुद सम्बन्धित निर्णय र नीति नियमहरु खारेज हुनेछ । यस अघि भएका खेलकुदका गतिविधीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

(दफा १३ को उपदफा (ख) सँग सम्बन्धित)

## अनुसूची-१

मितिः .......................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
चौकुने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुटु सुर्खेत

विषयः संस्था दर्ता सम्बन्धमा ।

म/हामीले तपसिलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृति र संस्था दर्ताका लागि आवेदन गरेको छु/ छौं । नियमानुसार संस्था दर्ता गरिदिनु हुन अनुरोध छ।

संस्थाको नामः ...

संस्थाको कार्यालय रहने स्थानः

चौकुने गाउँपालिका वार्ड नं.....,	टोलको नामः .....

| | |
|---|---|
| सचिव | अध्यक्ष |
| नामः | नामः |
| दस्तखत | दस्तखत |
| मिति | मिति |

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**

क. संस्थाको विधानको मस्यौदा,

ख. आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि,

ग. संस्थाको छापको नमूना।

(दफा १३ को उपदफा ग सँग सम्बन्धित)

अनुसूची-२

# चौकुने गाउँपालिकाको
# गाउँ कार्यपालिकाको कार्यालय
# गुटु सुर्खेत
# कर्णाली प्रदेश नेपाल

## संस्था दर्ता प्रमाणपत्र

संस्थाको नाम : . ठेगाना : .

दर्ता हुदाँको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुदाँको समयमा रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाणपत्र प्रदान गरिएको छ । चौकुने गाउँपालिका युवा तथा खेलकुद विकास कार्यविधि र विधानको अधिनमा रही खेलकुदसंग सम्बन्धी गतिविधीहरु संचालन गर्न अनुमति दिइएको छ।

प्रमुख प्रशासकीय अधिकृत

संस्था नवीकरणको विवरण नवीकरण नवीकरण नवीकरण

| क्र.सं. | संस्थाको नाम | नवीकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको नाम र दस्तखत | गाउँपालिकाको छाप |
|---|---|---|---|---|---|
| | | | | | |

(दफा १३ को उपदफा (घ) सँग सम्बन्धित)

## अनुसूची-३

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
चौकुने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुटु सुर्खेत

विषयः संस्था सुचिकृत गरिदिनु हुन ।

म/हामीले तपसिलमा उल्लेखित विवरण अनुसारको संस्थन गठन गरी संचालन गर्दै अएका छौ । गाउँपालिकाको नियम अनुसार संस्था सुचिकृत गर्नु पर्ने भएकाले नियम अनुसार सुचिकृत गरिदिनु हुन अनुरोध गर्दछौ ।

**संलग्न कागजातहरु**

१ संस्था दर्ताको प्रमाण पत्र

२ संस्थाको विधान

३ गत आ ब को लेखा परिक्षण प्रतिबेदन

४ कर चुक्ता प्रमाण पत्र

५ समितिको निर्णय

| | |
|---|---|
| सचिव | अध्यक्ष |
| नामः | नामः |
| दस्तखत | दस्तखत |
| मिति | मिति |

(दफा १३ को उपदफा (ङ) संग सम्बन्धित)

अनुसूची-४

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
चौकुने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुट्टु सुर्खेत

**संस्था सुचीकृत प्रमाणपत्र**

संस्थाको नाम : ..

ठेगाना : ........

दर्ता हुँदाको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुँदाको समयमा रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्था सुचिकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ । चौकुने गाउँपालिका युवा तथा खेलकुद विकास कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गर्न अनुमति दिइएको छ।

प्रमुख प्रशासकीय अधिकृत

संस्था नवीकरणको विवरण

| क्र.सं. | संस्थाको नाम | नवीकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको नाम र दस्तखत | गाउँपालिकाको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(दफा १३ को उपदफा (च) संग सम्बन्धित)

अनुसूची-५

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
चौकुने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुटु सुर्खेत

विषयः संस्था नवीकरण गरी पाउँ ।

..............................................................नामक संस्था यस गाउँपालिकामा दर्ता/सुचिकृत भई खेलकुद सम्बन्धी गतिविधीहरु संचालन गरी रहेको हुँदा तपशिल बमोजिमका कागज पत्र संलग्न राखी नवीकरण गरी पाउँ भनी निवेदन गर्न आएको छ/छौं ।

अतः आर्थिक बर्ष ......................... को संस्था नवीकरण भएको प्रमाणका साथ आवेदन गरेको छु।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

क. आर्थिक वर्ष .............को लेखापरीक्षण प्रतिवेदन,

ख. संस्थाको वार्षिक गतिविधि, भावी योजना र बजेट।

निवेदक

आज्ञाले
नन्दराम परियार
प्रमुख प्रशासकीय अधिकृत